सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २१ ♦ २०८२ साल भदौ २४ मंगलवार ♦ 9 Sep 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# जेनजी प्रदर्शन : देशभर १९ जनाको मृत्यु, ३४७ घाइते





**खबर दर्पण समाचारदाता**

**भदौ २३ गते, बर्दिवास**

सोमवार 'जेनजी' पुस्ताको नाममा भएको प्रदर्शनका क्रममा हालसम्म मुलुकभर १९ जनाको मृत्यु भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले हालसम्म तीन सय ४७ जना घाइते भएको जनाएको छ ।
मन्त्रालयका अनुसार सिभिल अस्पतालमा उपचार गर्ने क्रममा तीन जनाको मृत्यु भएको छभने एक सय जनाको उपचार भइरहेको छ । यस्तै वीर अस्पतालमा छ जनाको उपचार भइरहेको छ। राष्ट्रिय ट्रमा सेन्टर मा ५९ जना उपचाररत छन् भने उपचारका क्रममा आठ जनाको मृत्यु भएको छ ।
यसैगरी बानेश्वरस्थित एभरेष्ट अस्पतालमा एक सय दुई जना घाइतेको उपचार भइरहेको र तीन जनाको मृत्यु भइसकेको जानकारी प्रपात् भएको मन्त्रालयले जनाएको छ। आठ जनालाई अन्यत्र रेफर गरिएको छ।
यस्तै, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चार जनाको उपचार भइरहेको छ। काठमाडौं मेडिकल कलेज शिक्षण अस्पतालमा ३७ जनाको उपचार भइरहेको छभने उपचाररत दुई जनाको मृत्यु भएको छ । घाइतेमध्ये छ जनाको

*बाँकी पृष्ठ २*

# जनकपुरधाममा पनि जेन-जीको प्रदर्शन



**खबर दर्पण समाचारदाता**

**भदौ २३, जनकपुरधाम**

देश व्यापी रुपमा भ्रष्टाचार र समाजिक सञ्जाल माथिको प्रतिबन्ध विरुद्व सडकमा उत्रेका जेन-जी अभियानी युवाहरु काठमाण्डौंमा प्रतिनिधिसभा भवन परिषर भित्र प्रवेश गरेर प्रदर्शन गरेका छन् । प्रहरीले र बरको गोली चलाउनुका साथै आँश्रु ग्याँस र पानीको फोहरा पनि प्रहार गरिरहेका छन् । तिनकुने र माइतीघर दुवै तर्फबाट आएका जेन-जी अभियान्ताहरुले प्रहरीलाई बीचमै पारेर संसद भवन परिषर भित्र प्रवेश गर्न भ्याएका छन् । एता

*बाँकी पृष्ठ २ मा*

NANDANI MULTIPLE INT'L COLLEGE
Affiliated to Rajarshi Janak University

ADMISSION
OPEN FOR 2025/2082

Programs Offered:
BCA-40 Students
BBA-40 Students






Scholarships available for up to 8 students.
Entrance Form Open
Apply Now
044-590545,9854031330
9708083865
Bardibas-1, Mahottari

शिरीष अफसेट प्रेस
बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

खबर दर्पण
राष्ट्रिय दैनिक



# नेपाल सर्प महोत्सवको तेस्रो संस्करण धनुषामा हुँदै

**खबर दर्पण समाचारदाता**

**भदौ २३ गते, जनकपुरधाम**

'मानव र सर्पबिचको सहअस्तित्व प्रवर्धन गर्ने' भन्ने मूल नाराका साथ धनुषामा आगामी असोज २ र ३ गते "नेपाल सर्प महोत्सव"को तेस्रो संस्करण आयोजना हुने भएको छ।



मिथिला वाइल्ड लाइफ ट्रस्ट र सेभ द लाइफको संयुक्त आयोजनामा हुने महोत्सव मिथिला बिहारी नगरपालिका-२ स्थित कल्चर भिलेजमा आयोजना हुन लागेको हो ।

सोमबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमार्फत महोत्सवमा सर्पसम्बन्धी जानकारीमूलक स्टल, सर्प विज्ञहरूको अन्तर्क्रिया, विभिन्न जातका सर्प प्रदर्शन, उद्धारसम्बन्धी वृत्तचित्र प्रदर्शनलगायत कार्यक्रम रहने छन् ।

आयोजकका अनुसार नेपाल सर्प महोत्सव समूहले जैविक विविधता संरक्षण, मानव-सर्प द्वन्द्व न्यूनीकरण, सर्प व्यवस्थापन र सर्प संरक्षणको महत्त्वबारे जनचेतना फैलाउने उद्देश्यले यो महोत्सव सुरु गरेको हो। समूहका सदस्यहरूले सर्प र सर्पदंश सम्बन्धी क्षेत्रमा दशकौँको अनुभव बटुलेका छन् ।

हालसम्म नेपालका विभिन्न जिल्लामा सयभन्दा बढी सचेतना कार्यक्रम, क्षमता अभिवृद्धि तालिम, कार्यशाला र अन्तरक्रिया सञ्चालन भइसकेको जनाएको छ।

मिथिला वाइल्ड लाइफ ट्रस्टका अध्यक्ष देवनारायण मण्डलले महोत्सवले मधेश प्रदेशमा मानव र सर्पबिच सहअस्तित्वबारे सकारात्मक सन्देश दिने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो,"सर्पलाई किसानका साथीका रूपमा लिनुपर्छ । सर्पको पर्यावरणीय र धार्मिक महत्त्वबारे वैज्ञानिक ढङ्गले बुझाउन यस महोत्सवले ठुलो भूमिका खेल्ने छ ।"

यस्तै, सेभ द लाइफका अध्यक्ष कमल देवकोटाले सर्प संरक्षण र सर्पदंश व्यवस्थापनमा जनचेतना अभाव भएकै कारण धेरै दुर्घटना हुने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "सर्पदंश हुँदा के गर्ने र के नगर्ने भन्नेबारे जानकारी नहुँदा अनावश्यक मृत्यु भइरहेका छन् । यो महोत्सवमार्फत प्राथमिक उपचारको सही जानकारीसहित सर्प संरक्षणमा जनसहभागिता बढाउने हाम्रो उद्देश्य हो ।"

महोत्सवमा सर्पको पर्यावरणीय, चिकित्सकीय, धार्मिक र सांस्कृतिक महत्त्वबारे सचेतना फैलाइने छ। साथै, सर्पदंश हुँदा प्राथमिक उपचार कसरी गर्ने भन्नेबारे सहभागीलाई प्रत्यक्ष जानकारी दिइने आयोजकहरूले जनाएका छन् ।

यसअघि महोत्सवको पहिलो संस्करण २०८० भदौ ३ र ४ गते नवलपुरको कावासोतीमा, दोस्रो संस्करण २०८१ असोज १ र २ गते रूपन्देहीको तिलोत्तमामा सम्पन्न भइसकेको छ ।

# सरकारले सामाजिक सञ्जालहरुमाथि लगाएको प्रतिबन्ध खुलाए



**खबर दर्पण समाचारदाता**

**भदौ २३ गते, बर्दिवास**

सरकारले सामाजिक सञ्जालहरुमाथि लगाएको प्रतिबन्ध खुलाएको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सामाजिक सञ्जाल खुला गर्ने निर्णय गरेको सूचना तथा सञ्चार प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरूङले जानकारी दिए ।

मन्त्रिपरिषद्ले निर्णय गरेसँगै सामाजिक सञ्जालहरू सञ्चालनमा आइसकेको उनले बताए। तर, सामाजिक सञ्जाल बन्द गर्ने निर्णयका कारण सरकारले कुनै पश्चाताप नगरेको मन्त्री गुरुङले बताए। 'यही कुरलाई बहाना बनाएर आन्दोलन भएका कारणले सामाजिक सञ्जालहरू खुलाउने निर्णय गरिएको हो,' उनले बताए ।

प्रतिबन्ध लगाइएका मध्येका एक सामाजिक सञ्जाल एक्सले नेपालको राष्ट्रिय स्वाभिमानको कदर नहुनेगरी जवाफ फर्काएको प्रधानमन्त्रीले मन्त्रिपरिषदमा ब्रिफिङ गरेका थिए। एक मन्त्रीका अनुसार एक्सले नेपालमा दर्ता नै नगर्ने बताएको छ ।

'यो कुरा डेढ वर्षदेखि भनिरहेका थियौं । सूचीकृत गर भनेका थियौं। नेपालको कानुन मान भनेका थियौं । हाम्रो राष्ट्रिय स्वाभिमानको कदर गर्ने कुरा हो' प्रधानमन्त्री ओलीले भनेका थिए, 'त्यसमा हमला भयो। सामाजिक सञ्जालमाथि एउटा देशलाई यसरी हेप्न पाइन्छ ? राष्ट्रको अपमान गर्नेगरी उनीहरूलाई खोलिदिने त ?'

जेनजीहरूको प्रदर्शनका कारण सोमबार काठमाडौंमा १७ र इटहरीमा २ जनाले ज्यान गुमाएका थिए । चर्को विरोध र सत्तारुढ दलबाटै दबाब थेग्न नसकेपछि अन्ततः सरकार निर्णयबाट पछि हटेको हो ।

सूचना, सञ्चार तथा प्रविधि मन्त्रालयले गत १९ भदौमा मन्त्रीस्तरीय निर्णय गरेर सामाजिक सञ्जाल बन्द गराएको थियो ।

# बालेनको स्टाटस : प्रधानमन्त्रीलाई दिए 'आतङ्कवादी'को संज्ञा

जेन-जी समूहले सोमबार गरेको देशव्यापी आन्दोलनमा १९ जनाको ज्यान गएपछि काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह (बालेन)ले कठोर शब्द प्रयोग गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीको आलोचना गरेका छन्।

आन्दोलनका क्रममा भएको घटनापछि मध्यराति आफ्नो फेसबुक स्टाटसमा मेयर साहले ओलीको आलोचनासहित लेखेका छन्। 'तेरो भरौटेहरूको पो बा भइस्। साँच्चै नै कहिले बा हुन पाएको भए पो छोरा छोरीको मृत्युको पीडा बुझ्थिस। यस्तो आतङ्कवाद यो विश्वले कहिले देखेको थिएन। त नेता त के मान्छे पनि बन्न सकेनस, आतङ्कवादी होस्,' उनले लेखेका छन् ।

साहले आफ्नो फेसबुक स्टाटसमा ह्यासट्याग ३पउयष्क्तिभचचयचष्कत पनि प्रयोग गरेका छन्। बालेनले आइतबारदेखि नै जेन-जीको आन्दोलनलाई समर्थन गर्ने घोषणा गरेका थिए।-खबर दर्पण

# जेनजी प्रदर्शन ....

शल्यक्रिया गर्नुपर्ने अस्पतालले जनाएको मन्त्रालयले उल्लेख गरेको छ । यसैगरी, नर्भिक अस्पतालमा तीन जनाको उपचार भइरहेको छ।

मन्त्रालयले त्रिवि शिक्षण अस्पतालमा १८ जनाको उपचार भइरहेको र एक जनाको मृत्यु भइसकेको जनाएको छ । काठमाडौं उपत्यबाहिर गण्डकी मेडिकल कलेजमा एक जना, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा दुई जना, विराट मेडिकल कलेजमा चार जना, दमक अस्पतालमा सात जनाको उपचार भइरहेको पनि स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ। यसैगरी, धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा दुई जनाको मृत्यु भएको छ ।रासस

# जनकपुरधाममा पनि.....

जनकपुरधाममा पनि जेन-जी अभियान्ताहरुले सरकार विरुद्ध प्रदर्शन गरेका हुन ।

जनकपुरधामको एतिहासिक जानकी मन्दिर परिषरमा जम्मा भएका उनीहरु सरकार विरुद्ध नारावाजी मात्र गरेनन विभिन्न चोकहरुमा पुग्दै प्रर्दशन गरेका छन्। जनताको करको मुल्याङ्कन खोइ ? समाजिक सञ्जाल होइन भ्रष्टाचार बन्द गर् भन्ने नारा सहित जनकपुरधामका सयौं युवाहरु सो अभियान र प्रदर्शनमा सरिक भएको देखिन्छ ।

जनकपुरधामको प्रदर्शनमा अधिकांश समाजिक सञ्जालमा चर्चित, अभियानी र समाजिक मुद्दाका अगुवा अभियानी युवाहरुको सहभागिता छ ।



## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जेन जीमाथि राज्यको क्रूरता





एसेन्स श्रेष्ठ र शिशिर ढकाल

सुधारिएको शासन, भ्रष्टाचार नियन्त्रण र सबल लोकतन्त्रको माग गर्दै सडकमा उत्रिएका जेन जीमाथि राज्यले अत्यधिक बल प्रयोग गरेको छ । आक्रोशित युवापंक्तिलाई संयमित पार्ने प्रयत्न गर्नुपर्नेमा सरकारले अत्यधिक बल प्रयोग गरेको छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब निरीक्षक (डीआईजी) विनोद घिमिरेले देशभर आन्दोलनका क्रममा १९ जनाको मृत्यु भएको पुष्टि गरेका छन् । उनले काठमाडौंका विभिन्न अस्पतालमा १७ जना र २ जनाको इटहरीमा मृत्यु भएको बताए । उनले मृतक केहीको पहिचान खुलेको र केहीको बाँकी रहेको बताए ।

जेन जी आन्दोलनको आव्हान गर्नेहरूले यो आन्दोलन शान्तिपूर्ण हुने बताएका थिए । यद्यपि, काठमाडौं, कास्की, सुनसरी, पर्सा लगायतका क्षेत्रमा आन्दोलनले उग्र रूप लिएको छ । काठमाडौंमा संसद् भवनमा तोडफोड र आगजनी भएको छ ।

कास्कीमा मुख्यमन्त्री कार्यालयमा आगजनीको प्रयास भएको थियो । इटहरी उपमहानगरपालिकाको कार्यालयमा आगजनी भएको छ ।

मानवअधिकार आयोगले सरकारकै कारण प्रदर्शन भड्किएको बताएको छ । युवाहरूको आक्रोश र आन्दोलनलाई साम्य पार्न प्रयास गर्नुको सट्टा सरकार आफैंले उनीहरूलाई उत्तेजित बनाउने काम गरेको मानवअधिकार आयोगको भनाइ छ । 'हाम्रा प्रतिनिधिहरूले आन्दोलन अनुगमन गर्दा राज्यले अत्यधिक बल प्रयोग गरेको देखिएको छ । भिडलाई उत्तेजित बनाउने काम राज्य पक्षबाटै भएको छ । माथिको निर्देशन भन्दै गोली बर्साइएको छ,' मानवअधिकार आयोगकी सदस्य लिली थापाले सँग भनिन् ।

प्रहरीलाई भिड नियन्त्रणको क्रममा घुँडामुनि गोली प्रहार



को अनुमति हुन्छ । यद्यपि, प्रहरीले उक्त नियम पालना गरेको छैन । आन्दोलनको समाचार संकलनार्थ खटिएका पत्रकार दीपेन्द्र ढुंगानाको घाँटीमा रबरको गोलीले छेडेको छ । यता, इटहरीमा मृत्यु भएका २ मध्ये एकको ढाडमा र अर्काको टाउकोमा गोली लागेको पाइएको छ ।

प्रहरीले भिड नियन्त्रणका लागि रबरको मात्रै नभएर धातुको गोलीसमेत प्रयोग गरेको छ । मानवअधिकार आयोगकी सदस्य थापाले प्रहरीले माथिको आदेश भन्दै मानिसको ज्यान लिने गरी गोली बर्साएको बताइन् । 'भिडलाई उत्तेजक बनाउन अश्रु ग्यास प्रहार गर्नेदेखि अन्धाधुन्ध गोली प्रहार गरिएको छ । घुँडामुनि गोली हानेको भए यत्रा मान्छे कसरी मरे ?' उनले भनिन् ।

सामाजिक सञ्जाल केन्द्रित आन्दोलनलाई सशक्त सडक प्रदर्शनमा रूपान्तरणको तयारीलाई सरकारले निकै हलुका मूल्याङ्कन गरेको सुरक्षा मामिला जानकारको टिप्पणी छ । स्थिति कस्तो देखियो भने यस आन्दोलनबारे गृहमन्त्री रमेश लेखक बेखबर जस्तै थिए । प्रदर्शनकारीहरू सडकमा उत्रिँदा उनी सिंहदरबारमा संसदीय समितिको बैठकमा व्यस्त थिए । प्रदर्शनकारीहरू संसद् भवनमा तोडफोडमा उत्रिएपछि उनले काठमाडौंका प्रमुख जिल्ला अधिकारी छवि रिजाललाई सम्पर्क गर्दै कर्फ्यु लगाउन आदेश दिएका थिए । त्यसपछि जिल्ला प्रशासन कार्यालयले दुई चरणमा कर्फ्यु लगायो । कर्फ्यु लगाए पनि स्थिति नियन्त्रणमा आउन सकेन । प्रहरी आन्दोलनको स्वरूप आकलनमा चुक्दा आन्दोलनमा अत्यधिक दमन हुन पुगेको पूर्व डीआईजी हेमन्त मल्ल बताउँछन् । 'जेन जीको आन्दोलनबारे प्रहरीको मूल्याङ्कन गलत भयो । मूल्याङ्कन गलत हुने बित्तिकै आपसी सहकार्यमा समस्या हुन्छ र यसले क्षति बढाउँछ,' उनले भने ।

यस आन्दोलनमा बढी क्षति हुनुको कारण भनेको प्रहरीसँग भिड नियन्त्रणको उपयुक्त हतियार नहुनु रहेको उनको भनाइ छ । प्रहरीले पटक-पटक भिड नियन्त्रणको उपकरण खरिदको माग गरे पनि बिचौलियाको स्वार्थमा सरकार घातक हतियार खरिदमा लाग्दा भिड नियन्त्रणका क्रममा पटक-पटक मानवीय क्षति बढेको उनी बताउँछन् । 'भिड नियन्त्रणका क्रममा कमभन्दा कम क्षति हुने उपकरण प्रयोग गर्नुपर्छ । प्रहरीले भिड नियन्त्रणका उपकरण माग गर्दा बिचौलियाको स्वार्थमा घातक हतियार खरिद गर्न खोजेपछि यस्तै हुने त हो,' मल्ल भन्छन् ।

प्रहरीले सरकारसँग दंगा नियन्त्रण उपकरण, अश्रु ग्यास, मल्टी ग्यास गनलगायतका भिड नियन्त्रणको लागि उपयोगी सामग्री खरिदको माग गरेको थियो । सरकारले भने तीन वर्ष पुरानो ठेक्का ब्युँताउँदै नेपाल प्रहरी र सशस्त्र प्रहरी दुवैलाई घातक हतियार खरिदको तयारी अघि बढाउन खोजेको थियो ।

**अत्यधिक दमनपछि गृहमन्त्रीको राजीनामाको माग, सरकारको वैधानिकताप्रति प्रश्न**

सरकारले जेन जीको आन्दोलनमा अत्यधिक बल प्रयोग गरेको भन्दै कांग्रेसकै नेता कार्यकर्ताहरूले गृहमन्त्री रमेश लेखकको राजीनामाको माग गरेका छन् । केन्द्रीय सदस्य गोविन्दराज पोखरेलले गृहमन्त्री लेखकको राजीनामा माग गरेका हुन् । 'युवाहरूको मृत्युप्रति गृहमन्त्री उत्तरदायी हुनुपर्छ । उहाँले राजीनामा नगरे पार्टीले फिर्ता बोलाउनुपर्छ,' उनको माग छ ।

सरकारको नेतृत्व गरिरहेको एमालेकै नेताले पनि जेनजीको आन्दोलनमाथि भएको दमनको आलोचना गरेका छन् । एमाले केन्द्रीय सदस्य उषाकिरण तिम्सिनाले बानेश्वरमा जेन जीको प्रदर्शनमा भएको दमन हत्या भएको बताएकी छिन् । 'आजको बानेश्वर काण्ड कुनै भवितव्य होइन, यो हत्या हो । निहत्था बाल - बालिकाहरूको हत्या,' उनले आफ्नो फेसबुकमा लेखेकी छिन्,'यो हत्याको बदला समयले तिमीहरूलाई अवश्य लिनेछ ।'

प्रतिपक्षी दलहरूले समेत सरकारले अत्यधिक दमन गरेको भन्दै विरोध जनाएका छन् । 'सरकारले युवाहरूको आन्दोलन दबाउन अत्यधिक बल प्रयोग गरेको प्रति पार्टीले घोर भर्त्सना गरेको छ,' माओवादी केन्द्रका प्रवक्ता अग्नि सापकोटाले भने । एकीकृत समाजवादीले पनि सरकारले हिंसात्मक दमन गरेको भन्दै निन्दा गरेको छ । 'हाम्रो पार्टी आन्दोलनमाथि सरकारको हिंसात्मक दमनको निन्दा तथा भर्त्सना गर्दछ । साथै, युवाहरूको भ्रष्टाचार तथा कुशासन विरुद्धको जागरणलाई सम्मान गर्दै उनीहरूका जायज माग सम्बोधन गर्न र उनीहरूमाथि कुनै पनि दमनकारी गतिविधि नगर्न सरकारसँग जोडदार माग गर्दछ ।'

राष्ट्रिय स्वतन्त्र पार्टीले भने सरकारको वैधानिकता समाप्त भएको तर्क गर्दै ताजा जनादेशमा जानुपर्ने माग राखेको छ । 'वर्तमान सरकारको औचित्य पूर्णता समाप्त भएको परिप्रेक्ष्यमा प्रधानमन्त्रीको तत्काल राजीनामा माग्दछौं । कांग्रेस एमाले गठबन्धनको वैधानिकता समाप्तको निष्कर्षमा पुग्दै ताजा जनादेशको माग गर्दछौं,' रास्वपाले भनेको छ ।

मानवअधिकार तथा शान्ति समाज पनि सरकारको वैधानिकता समाप्त भएको भन्दै विज्ञप्ति जारी गरेको छ । 'आफूले गरेका भ्रष्टाचारको ढाकछोप गर्न नागरिक मार्ने कार्य बर्बर एवं जघन्य अपराध हो । नागरिकमाथि क्रूरताको प्रदर्शन गर्ने सरकार लोकतान्त्रिक हुन सक्दैन तसर्थ यो सरकारले नैतिक वैधानिकता गुमाइसकेको धारणा शान्ति समाजको छ । यस्तो क्रूरताको लागि जिम्मेवारहरूलाई दण्डित गर्नु आवश्यक छ,' विज्ञप्तिमा भनिएको छ।

जेन जी आन्दोलनमा सहभागीहरूले पनि शान्तिपूर्ण आन्दोलनलाई उत्तेजित बनाउने काम प्रशासनले नै गरेको बताएका छन् । आफूहरू शान्तिपूर्ण आन्दोलनमा सहभागी हुन पुगे पनि स्थिति बिथोलिएको उनीहरूको भनाइ छ । शासन प्रणाली भित्रको अव्यवस्था, भ्रष्टाचार र राजनीतिलाई सही मार्गमा ल्याउने सङ्कल्पमा दृढतापूर्वक लाग्ने उनीहरू बताउँछन् । आफूहरूको माग सम्बोधन नहुँदासम्म सडक नछोड्ने जस्टिना बताउँछिन् । 'हाम्रा माग र आवाजमा राज्यले दमन गरेकैले हामी शान्तिपूर्ण आन्दोलनका लागि सडकमा उत्रियौं । हाम्रो सडक आन्दोलनलाई सरकारले दमन गर्दैमा हामी अब पछि हट्नेछौं । हामीले आश्वासन धेरै सुन्यौं । अब परिणाम प्राप्त गर्ने लक्ष्य राखेर हामी आन्दोलित भएका हौं,' उनले भनिन् ।

-नेपाल न्युज

# महोत्तरीमा पनि जेनजेडको प्रदर्शन



**खबर दर्पण समाचारदाता**
**भदौ २३ गते, बर्दिवास**

महोत्तरीमा जेनजेड (Gen Z) पुस्ताले भ्रष्टाचारविरुद्ध शान्तिपूर्ण प्रदर्शन गरेका छन्। गौशाला नगरपालिका र बर्दिवास नगरपालिकामा एकैदिन प्रदर्शन गरी नाराबाजी गरिएको हो।

सोमबार गौशाला नगर पालिकाको वडा नम्बर ४ स्थित कवर्ड हल अगाडिबाट सुरु गरिएको जुलुस गौशाला बजार परिक्रमा गरी सम्पन्न गरिएको थियो।

त्यस्तै, बर्दिवास नगरपालिकामा बर्दिवास चोकसम्म जुलुस निकालेर चौक वरिपरि परिक्रमा गरिएको थियो।

प्रदर्शनकारीहरूले सरकार भ्रष्टाचारमा डुबेको, युवापुस्ताले परिवर्तन चाहेको, सामाजिक सञ्जाल बन्द गरेर जनताको आवाज दबाउन खोजिएकोलगायतका नारा लगाएका थिए।

विद्यार्थीहरू विशेष संख्यामा उपस्थित रहेको उक्त प्रदर्शनमा 'Wake Up Youth', 'Tax is for Nation, Not for Your Vacation', 'बाउले गर्छ चोरी, विदेशमा घुम्छे छोरी', 'जनताको कर, नेताको घर' लगायतका प्लेकार्ड बोकेर सरकारको आलोचना गरेका थिए। शान्तिपूर्ण रूपमा सम्पन्न भएको यो प्रदर्शनमा सहभागीहरूले भ्रष्टाचार विरुद्धको आन्दोलनलाई निरन्तरता दिने चेतावनी समेत दिएका छन्।

# गृहमन्त्री लेखकले दिए राजीनामा

**खबर दर्पण समाचारदाता**
**भदौ २३ गते, बर्दिवास**

जेन जी प्रदर्शन हिंसात्मक बनेपछि गृहमन्त्री रमेश लेखकले राजीनामा दिएका छन् । उनले सोमबार साँझ राजीनामा दिएको उनको सचिवालयका लोकेन्द्र भट्टले जानकारी दिए । राजीनामा दिनुअघि गृहमन्त्री लेखकले सोमबार अपराह्न कांग्रेस पदाधिकारी बैठकमा आफूले राजीनामा दिने बताएका थिए ।

सोमबार जेन जीको काठमाडौंलगायत देशका मुख्य शहरहरूमा भएको प्रदर्शनको क्रममा १९ जना प्रदर्शनकारीको मृत्यु भएको पुष्टि भइसकेको छ ।

काठमाडौंमा १७ जनाको मृत्यु भएको छ भने इटहरीमा दुई जनाको मृत्यु भएको छ ।



जेन जीको प्रदर्शमा प्रहरीले गोली चलाएर प्रदर्शनकारीको मृत्यु भएपछि गृहमन्त्री राजीनामा उनकै पार्टी कांग्रेसकै सदस्यहरूले मागेका थिए ।

भिजिट भिसा प्रकरणमा राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले लेखकको राजीनामा माग गरी तीन महिनाभन्दा लामो समयदेखि संसद् अवरोध गरे पनि उनले राजीनामा दिएका थिएनन् ।

यसअघि गएको चैत १५ गते तीनकुनेमा भएको राजावादीको हिंसात्मक प्रदर्शनका क्रममा पनि उनको राजीनामा माग भएको थियो ।

# जनकपुरधाममा टायर बालेर जेन-जीले

**खबर दर्पण समाचारदाता**
**भदौ २३ गते, बर्दिवास**

जनकपुरधाममा टायर बालेर जेन-जी पुस्ताले प्रर्दशन गरेको छ। अहिले जनक चोकमा टायर बालेर सरकारविरुद्ध प्रर्दशन भइरहेको छ।

उनीहरुले 'सरकार मुर्दावाद, गृहमन्त्री राजिनामा दे, जेन-जी हाय/हाय अरु सबै बाई बाई' लगायतको नाराबाजी गरेका थिए । इन्ड करप्सन, आइएम वीथ जेनजी मुभमेन्ट, स्टोप क्रप्सन, युथ युनाइटेड फ्युचर ब्राइट' लगायतका प्लेकार्ड बोकेका थिए ।

जेन-जी पुस्ताले युवाहरु सामाजिक सञ्जालमा मात्र नभई सडकमा समेत आउन सक्ने भन्दै अहिले सरकारलाई खबरदारीसमेत गरको छ । जनकपुरधाममा हरेक चोकमा जेन-जी पुष्ता समुह बनाएर फरक-फरक समयमा प्रर्दशन गरिरहेको छ । विहान ११ बजे एक समुहले जानकी मन्दिरमा प्रर्दशन गरेका थिए ।


## सुरक्षित यात्राका लागि अपनाउनु पर्ने सावधानीहरू

1. सुरक्षित ठाउँ (जस्तैः बस स्टप) मा मात्र बस, ट्याक्सी तथा टेम्पो चढ्ने वा ओर्लिने गरौं ।
2. सवारी पूर्णतया रोकिएपछि मात्र चढ्ने र ओर्लने गरौं।
3. सवारीको ढोका होशियारी साथ खोलौं, नत्र अरूलाई चोट लाग्न सक्छ ।
4. सवारी चढ्दा वा ओर्लिदा अरूलाई नधकेलौं ।
5. चालकको ध्यान नखलबल्याऔं वा उसको नजिक भिडभाड नगरौं।
6. शरिरको कुनै पनि अंग सवारीबाट बाहिर ननिकालौं । तपाईलाई अरू सवारीले गंभीर घाइते बनाउन सक्छ ।
7. चालकलाई बढी गतिमा सवारी दौडाउन वा खतरनाक तरिकाले चलाउन नउक्साऔं ।
8. सवारीबाट थुकि वा फोहर फाली असभ्य नबनौं।
9. सामान बोक्ने सवारीहरूको पछाडिको भागमा यात्रा नगरौं।
10. पूरा भरिइसकेको सवारीमा नचढौं ।
11. छतमा बसेर यात्रा नगरौ, किनभने भित्र भन्दा बाहिर बढी खतरा हुन्छ ।
12. चालकलाई सुरक्षित र निष्ठापूर्वक चलाउन हौसला दिऔं।
13. चालकले रक्सी खाएको वा खलासी कण्डक्टरले गाडी चलाएको देखेमा त्यसो नगर्न अनुरोध गरौं।
14. यदि तपाईको अनुरोध नमानेमा नजिकैको प्रहरीलाई खबर गरौं ।

नोट:- नेपालीहरूको महान पर्व शुभ दीपावली तथा छठ पूजाको शुभ अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

यातायात व्यवस्था कार्यालय जनकपुरधाम
धनुषा परिवार






गर्मी तथा वर्षायामसंगै फैलने
झाडा पखाला तथा हैजा जस्ता पानीजन्य रोगहरूबाट बच्न
बासी सडेगलेका झिंगा भन्केका खानेकुरा नखाऔं ।
काँचै खान मिल्ने फलफूल तथा तरकारी शुद्धिकरण गरेको पानी प्रयोग गरी राम्ररी सफा गरेर मात्र खाऔं ।

जिल्ला स्वास्थ्य कार्यालय
जलेश्वर, महोत्तरी


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,